फोन नं. ०२३-४६५५०२

# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
शनिश्चरे, झापा

पत्र सं.२०७४/०७५
च.नं.: ८११

प्रकाशित मितिः २०७४/०९/०२

### विषयः फार्म मेशिनरी अनुदानमा माग गर्ने वारेको सूचना !!!

अर्जुनधारा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखाको चालु आ.व.२०७४/०७५ को कृषि प्रसार कार्यक्रम अन्तरगत स्वीकृत वार्षिक कार्यक्रम अनुसार केही साना फार्म मेशिनरी (जस्तैः पावरटिलर, रिपर, मकै छोडाउने बिद्युतीय मेशिन, सिंचाई बोरिङ्गका लागि मोटर आदि) कृषि औजार उपकरण ५० प्रतिशत अनुदानमा उपलब्ध गराईने भएकोले यस नगरपालिका क्षेत्र भित्रका ईच्छुक कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषि कम्पनी /कृषि फर्म तथा उद्यमी कृषकहरुले आवश्यक कागजातहरु सहित यही मितिः २०७४/०९/१८ गते कार्यालय समय भित्र यस नगरकार्यपालिकाको कार्यालय कृषि विकास शाखामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**निवेदन सहित पेश गर्नुपर्ने आवश्यक कागजातहरुः**

१. निवेदनमा रु.१० को टिकट टाँस गर्नु पर्ने।
२, कृषक समुह/कृषि सहकारी संस्था/जल उपभोक्ता संस्था/कृषि फर्म तथा उद्यमीको बैठकको निर्णयको प्रतिलिपी
३. माग गरेको फार्म मेशिनरीको मोटामोटी लागत मुल्यको इस्टिमेट विवरण।
४.समुह/संस्था/कृषक उद्यमीको दर्ता प्रमाण पत्रको प्रतिलिपी।
५.नगरपालिका वडा कार्यालयको सिफारिस।

**नोटः थप जानकारीको लागि अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कृषि विकास शाखा, शनिश्चरे झापाको फोन नं.०२३- ४६५५०२ मा सम्पर्क राख्न हुन अनुरोध छ।**

योजना अधिकृत (कृषि)
अर्जुनधारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कृषि विकास शाखा
शनिश्चरे, झापा।

शाखा अधिकृत